कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड
# UPPER SOLU HYDRO ELECTRIC COMPANY LIMITED

का.म.न.पा. वडा नं. १, हात्तिसार, काठमाडौं ।
फोन नं.: ९७७-०१-४४२६९४१, ४४२६९४२, फ्याक्स नं.: ०१-४४२६९४३
वेबसाइट: www.ushec.com.np, इमेल: ushec@info.com.np

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडको प्रति शेयर रु. १००/- अंकित दरका १९,५७,५०० कित्ता शेयरमध्ये ३९,१५० कित्ता अर्थात २ प्रतिशत कर्मचारीहरुलाई र ९७,८७५ कित्ता अर्थात ५ प्रतिशत सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १८,२०,४७५ कित्ता साधारण शेयर सर्वसाधारणका लागि मिति २०७९ आषाढ २० गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०७९ आषाढ २३ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ आषाढ २३ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता |
|---|---|

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण:**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.८३ | १०४.०० | १०८.२१ | ११३.१७ | १२०.३५ | १३०.६८ |
| प्रति शेयर आम्दानी (रु.) | (०.३७) | ४.७३ | ४.२१ | ६.९८ | ७.१८ | १०.३२ |
| संचित नाफा/(नोक्सानी) (रु. हजारमा) | (७,४५०) | ४०,७५२ | ८३,६३५ | १७७,८५६ | २७४,७८९ | ४१४,१३० |
| नेटवर्थमा औसत प्रतिफल (%) | (०.३८) | ४.५५ | ३.८९ | ६.१७ | ५.९७ | ७.९० |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:**

**संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रु. २१,२७,६५,९५७।४४ र आयोजनाको कुल लागत रु. ५०० करोड [(Interest during construction) (IDC)] सहित रहेको छ ।**

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:**

**अनुमतिपत्र बहाल रहने अवधि मिति २०७०/१२/०४ देखि २१०५/१२/०३ सम्म रहेकोले २७ वर्ष बाँकी रहेको छ ।**

**लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण:**

**साधारण लगानी फिर्ता अवधि ७.८६ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि १६.९६ वर्ष रहेको छ ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था ईक्रा नेपाल (ICRA NEPAL) ले मिति २०७८/१२/०८ गते यस कम्पनीलाई "[ICRANP-IR]BB+ (Pronounced as ICRA NP issuer rating double B plus) निष्काशनकर्ता रेटिङ्ग" प्रदान गरेको छ र सो को अवधि एक वर्ष रहनेछ । [ICRANP-IR]BB+ ले समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of Financial obligation) जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले [ ICRANP - IR ]AAA देखि [ICRANP - IR ]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP - IR]AAA ले बलियो आधार जनाउँछ र [ICRANP - IR ]D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। यसको अर्थ [ICRANP-IR]BB+ को स्थिति [ICRANP-IR]BB भन्दा एक चिन्ह माथि रहन्छ।

**रेटिङ्ग प्रदान गरेको मिति : २०७८।१२।०८ (तदनुसार मार्च २२, २०२२)**
**रेटिङ्ग बहाल रहने अवधि : २०७९।१२।०७ (तदनुसार मार्च २१, २०२३)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NMB CAPITAL LIMITED

## एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४४३७९६३
इमेल: info@nmbcl.com.np । वेबसाइट: www.nmbcl.com.np